# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०७८/०७९ मिति : २०७९/०२/१७

चलानी नं.

**दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तरगत Computer Hardware and Network Technician तालिम संचालनका लागि प्रस्तावना पत्र पेश गर्ने सम्बन्धमा अत्यन्त जरूरी सूचना**

**सूचना प्रकाशन मिति : २०७९/०२/१७**

नेपाल सरकार तथा स्विजरल्याण्ड सरकारको सम्झौतामा भएको दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तरगत आ. व. २०७८/०७९ मा यस कोहलपुर नगरपालिकाले Computer Hardware and Network Technician विषयमा २० जनाका लागि कार्यगत अभ्यास सहित (Training with OJT) को १० महिने (१६९६ घन्टे) CTEVT तह २ को तालिम संचालन गर्नु पर्ने भएकाले इच्छुक तथा आधिकारिक तालिम प्रदायक संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको वेबसाइटमा दिएको ढाँचा अनुसार शीलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावना पत्र यस कार्यालयमा कार्यालय समयभित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावना बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा अर्को दिनलाई मान्य हुनेछ। प्रस्तावना बुझाउने बारे विस्तृत जानकारी Request for Proposal मा उल्लेख गरिएको जानकारी गराइन्छ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरू :

१. शीलबन्दी सहितको आर्थिक तथा प्राविधिक प्रस्तावना पत्र
२. संस्था कम्पनी ऐनमा दर्ताको प्रमाण पत्र
३. VAT मा दर्ता भएको प्रमाण पत्र
४. सम्बन्धित विषयमा CTEVT बाट सम्बन्धन प्राप्त भएको प्रमाण पत्र
५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. संस्था अद्यावधिक नवीकरण गरिएको प्रतिलिपि
७. प्रचलित ऐन कानूनमा उल्लेख भएका अन्य कागजात
८. Request for Proposal मा उल्लेख गरिएका अन्य कागजातहरू
९. फर्म खरिदका लागि रु. १०००/- राजश्व तिर्नु पर्नेछ।